# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः ४) छत्रकोट गाउँपालिका, मितिः २०७७/१२/२३ (संख्याः ११**


## भाग–२

## छत्रकोट गाउँपालिका, गुल्मी

## २०७७ सालको कार्यविधि नं. ११

## कार्यविधिको नाम : छत्रकोट गाउँपालिकाको दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०७७

गाउँकार्यपालिका बाट स्वीकृत मितिः२०७७/१२/२०

**प्रस्तावनाः** दुध उत्पादनमा आधारित अनुदान वितरण गर्न बजेटको व्यवस्था भएकोले दुधको उत्पादन खस्कन नदिन, साविकमा भन्दा उत्पादन तथा उत्पादकत्व बढाउन र गाँउपालिकालाई दुधमा आत्मनिर्भर भएको भनि घोषणा गर्न विगतका केहि वर्ष यता संचालन हुदै आएको दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रमलाई निरन्नतरता दिनु आवश्यक भएकोले कार्यक्रम संचालन गर्नप्रशासकीय

कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी छत्रकोट गाँउपालिकाले दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि,२०७७ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) कार्यलय भन्नालेछत्रकोट गाँउपालिकाको कार्यलय सम्झनु पर्दछ।

(ख) दुग्ध उत्पादन सहकारी संस्था भन्नाले दुध संकलन,प्रशोधन र वितरण गर्ने सहकारी संस्था सम्झनु पर्दछ।

(ग) विषय विज्ञ भन्नाले दुध दिने पशु सम्बन्धी ज्ञान भएको सहकारी वा गैहृसरकारी सरोकारवाला प्राविधिक कर्मचारी वा वैज्ञानिक व्यक्तित्व सम्झनु पर्दछ।

(घ) स्थानीय तह भन्नाले छत्रकोट गाँउपालिका सम्झनु पर्दछ।

३. उद्देश्यः यस कार्यविधिको उद्धेश्य देहाय बमोजिम हुनेछ :-

(क) अनुदान वितरण नीतिलाई प्रकृयामुखीबाट परिणाममुखी तर्फ लैजाने।

(ख) दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने।

(ग) अनुदानको सही, दक्ष्य र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने।

(घ) साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठीत बजारमा प्रवाह गर्ने।

(ङ) व्यवसायिक कृषकलाई दुध उत्पादन गर्नमा हौसला प्रदान गर्ने।

(च) व्यवसायिक रुपमा पशुपालन गर्दै आएका कृषकहरुको जिवन स्तर आय आर्जन वृध्दि गर्ने।

## परिच्छेद-२

## आर्थिक पक्ष

४. यस कार्यक्रममा छत्रकोट गाँउपालिकाबाट छनौट गरीएका दुग्ध उत्पादक सहकारी संस्थाहरुमा दुध विक्री गर्ने पशुपालक कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान वितरण गरीने छ।

**५. अनुदान रकम तपशिल अनुसार वितरण गरिनेछ।**

(क) व्यक्तिगत हकमा एक छाकमा कम्तिमा ४ लिटर दुध विक्रि गरेमा प्रति लिटर रु.२ रुपैया पाउने छन।

(ख) फार्मको हकमा एक छाकमा कम्तिमा २० लिटर दुध विक्रि गरेमा प्रति लिटर रु.१.५ रुपैया पाउने छन।

(ग) दुध विक्रेता कृषकले प्रत्येक महिनामा रिपोट पेश गर्ने र तीन महिनामा भुक्तानी गर्न सकिनेछ।

## परिच्छेद-३

## मापदण्ड

६. **मापदण्डका आधारहरुः** (१) कृषकले यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछ।

(क) व्यक्तिगत कृषकको लागि एक छाकमा ४ लिटर दुध बेच्नु पर्नेछ।

(ख) घर, होटल वा दुध उत्पादन सहकारी संस्था कसलाई दुध विक्रि गरीएको हो त्यसको प्रमाण हुनु पर्नेछ।

(ग) दुध उत्पादन सहकारी संस्थाको हकमा संस्थाले र घर वा होटलको हकमा सम्बन्धित दुध खरीद गर्ने व्यक्तिले प्रमाणित गर्नु पर्नेछ।

(घ) व्यवसायिक फार्मको हकमा २० लिटर प्रति छाकमा बेच्नु पर्ने।

(ङ) सफा र गुणस्तर दुध विक्रि वितरण गरेको हुनु पर्ने।

(च) फार्मको हकमा गाँउपालिकामा अनिवार्य रुपमा दर्ता गरीनु पर्ने।

(छ) गाँउपालिकाबाट कृषक वा पशु फार्मलाई त्यस्तो कृषक समुहलाई गाँउपालिकाको कृषि वा पशु शाखा प्रमुखले त्यस्तो अनुदान दिन सकिने आधार प्रमाणित गरीनु पर्नेछ।

प्रमाणिकरण मितिः २०७७।१२।२३

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत